नगर सभाबाट स्वीकृत मितिः २०८०।०३।१०

# माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

| |
|---|
| **स्थानीय राजपत्र** |
| माडी नगरपालिकाद्वारा प्रकाशित |
| खण्ड (७), साल २०८० असार महिना ३१ गते, संख्या २ |

## भाग - २

माडी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## माडी नगरपालिका खरिद नियमावली (दोस्रो संशोधन), २०८०

# माडी नगरपालिकाको सार्वजनीक खरिद नियमावली (दोस्रो संशोधन), २०८०

माडी नगरपालिका सार्वजनीक खरिद नियमावली, २०७६ मा दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले, माडी नगरपालिकाको एघारौं नगर सभाले देहायको संशोधन गरेको छ ।

१) संक्षिप्त नाम र प्रारम्भः_(१) यो कार्यविधिको नाम माडी नगरपालिकाको सार्वजनीक खरिद नियमावली (दोस्रो संशोधन), २०८० रहेको छ ।

२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

३) नियमावलीको नियम १५२ को उपनियम १,२,३, पछि देहाय बमोजिमका उपनियमहरु थप गरिएको छ।

उपनियम (४) "उपनियम १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्झौतामा तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा त्यस्तो सम्झौता बमोजिमको ठेक्का रद्ध गरि जमानत जफत गर्ने र बढिमा २ वर्षसम्म माडी नगरपालिकाको कुनै पनि खरिद प्रक्रियामा भाग लिन नपाउने गरि कालो सूचीमा राख्न सकिनेछ "।

उपनियम (५) "एक आर्थिक वर्षमा यस नगरपालिका भित्र बढीमा दुइवटा सम्म ठेक्का सम्झौता गरेका निर्माण व्यवसायीहरुलाई सो योजना सम्पन्न नगरे सम्म सो पछिका ठेक्का प्रक्रियाहरुमा समावेश गरिने छैन" ।

आज्ञाले,<br>
शेषकान्त पौडेल<br>
प्रमुख प्रशासकीय अधिकृत